रंगेली नगरपालिका
Rangeli Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
रंगेली, मोरङ
Rangeli, Morang
१ नं. प्रदेश नेपाल Province No. 1 Nepal

मिति :२०७७/०९/०६

## सटर भाडामा लगाउने सम्बन्धी सूचना ।
*(प्रथम पटक प्रकाशित सूचना मिति २०७७/०६/०६)*
*(दोश्रो पटक प्रकाशित सूचना मिति २०७७/०९/०६)*

**सूचना** **सूचना** **सुचना**

यस रंगेली नगरपालिका वडा नं. ७ बसपार्क पुर्व रहेका सटरयुक्त कोठाहरु भाडामा लगाउन मिति २०७७/०६/०६ मा प्रथम पटक सूचना प्रकाशन गर्दा निम्न ५ वटा सटरयुक्त कोठाहरु भाडामा लाग्न वाँकी रहेको हुँदा दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक नेपाली नागरिकहरुले निम्न शर्तको अधिनमा रहि शिलवन्दि वोलपत्र प्रशताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**निम्न :-**

| सि.नं. | सटर कोठा नं. | कोठाको साईज | न्यूनतम दर (प्रति सटर/प्रति महिना रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | ७, १०, १२, १६ र १८ | ११'७"X१३'४" | ६०००।- | |

**शर्तहरु**

१. नगरपालिका कार्यालयको राजश्व शाखावाट रु.५००।- (फिर्ता नहुने) मा वोलपत्र फारम सूचना प्रकाशन भएको मितिले ७ औ दिन (मिति २०७७/०९/१२) कार्यालय समय भित्र खरिद गरी ८ औ दिन (मिति २०७७/०९/१३) दिनको १२:०० वजे सम्म वोलपत्र प्रश्ताव कार्यालयमा दर्ता गराउनु पर्नेछ । सोही दिन अपरान्ह २:०० वजे दर्ता भएका शिलवन्दी वोलपत्र प्रश्ताव खोलीनेछ ।
२. कवोल गरेको रकमको वार्षिक एकमुष्ट रकमको २० प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरी वैंक भौचर वोलपत्र प्रश्ताव साथ पेश गर्नु पर्नेछ ।
३. वोलपत्र स्विकृती पश्चात तीन महिनाको भाडा (कवोल गरे अनुसार) रकम अग्रीम रुपमा यस कार्यालयको कृषि विकास वैंकमा रहेको धरौटी खाता नं. ०६०१६०११५०२५७०४३ मा धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ । सम्झौता समाप्त भएपछि उक्त धरौटी फिर्ता गरिनेछ ।
४. सटर भाडामा लिन चाहने व्यक्तिले आफूले रोजेको सटर नम्वर उल्लेख गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।
५. भाडामा लिईएको सटरमा प्रचलित कानुनले निषेध गरेका सामानहरु भण्डारण तथा वेचविखन गर्न पाईने छैन ।
६. सटर भाडा सम्झौता ३ (तिन) वर्षको हुनेछ र दुई वर्ष पछि १० प्रतिशत भाडा रकम वृद्धि गरिनेछ र तिन वर्षपछि पुन: नगरपालिकाको निर्णयानुसार हुनेछ ।
७. भाडामा लिईएको सटरको विद्युत तथा पानी महशुल स्वयम वाहालमा लिनेले तिर्नु पर्नेछ ।
८. नगरपालिकावाट सटर भाडाका लागि स्वीकृती पाएका व्यक्तिले तेश्रो पक्षलाई सटर भाडामा दिन पाउने छैन ।
९. एउटै व्यक्तिले एक भन्दा वढि सटर भाडामा लिन पाउने छैन ।
१०. शिलबन्दी आवेदन स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।
११. सूचना सम्बन्धी अन्य कुरा बुझ्नुपरेमा यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ र अन्य कुराहरु सम्झौता प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
रंगेली नगरपालिका
प्रमुख प्रशासकीय अधिकृत